Regd. No.: 124294/070/071

MANDAKINI HYDROPOWER LTD.
SARDI KHOLA HYDROPOWER PROJECT

च.नं. ११६/०८२/०८३

मिति: २०८२/०८/२८

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरबार, काठमाण्डौ ।

विषय : **१२ औं साधारण सभा प्रयोजनका लागि शेयर दर्ता किताब बन्द रहने सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा मन्दाकिनी हाईड्रोपावर लि.को मिति २०८२/०८/२८ गते साँझ ४ बजे देखी बसेको संचालक समितिको बैठकको निर्णयानुसार यस संस्थाको १२ औं वार्षिक साधारण सभा मिति २०८२ पुष २९ गते दिउँसो १:३० बजे देहाय विषयहरुमा छलफल गरि निर्णय गर्न संचालन हुने हुँदा वार्षिक साधारण सभा प्रयोजनका लागि कम्पनीको मिति २०८२ साल पुष १९ गते एक दिनका लागि शेयरको दर्ता किताब बन्द ( Book Close ) रहने जानकारीको लागि अनुरोध छ ।

**सभा हुने मिति, स्थान तथा समय :**

मिति: २०८२ पुष २९ गते मंगलबार (January 13, 2026)
स्थान: सूर्य क्याटरिङ एण्ड पार्टी प्यालेस, धुम्बाराही, आनन्द मार्ग, काठमाण्डौ ।
समय: दिउँसो १:३० बजे ।

**छलफलका विषयहरु:**

**क) सामान्य प्रस्तावहरु :**

(१) संचालक समितिका तर्फवाट अध्यक्षज्यूले पेश गर्नु हुने यस कम्पनीको आ. व. २०८१/२०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने,

(२) लेखापरिक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात , सोही मितिमा समाप्त आ.व. २०८१/०८२ को नाफा नोक्सान हिसाब, शेयर पूँजीमा भएको परिवर्तन, नगद प्रवाह विवरण लगायत सो सँग सम्वद्ध अन्य अनुसूचीहरु उपर छलफल गरि पारित गर्ने ,

(३) यस कम्पनीको आ.व. २०८२/०८३ को वार्षिक हिसाबको लेखापरिक्षण गर्न कम्पनी ऐन २०६३ को दफा १११ वमोजिम लेखापरिक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ,

(४) कम्पनीमा रिक्त रहेको संचालक पद १ मा गरिएको संचालकको नियुक्तिलाई अनुमोदन गर्ने ।

**ख) विशेष प्रस्तावहरु :**

(१) नियामक निकायवाट हकप्रद शेयर स्वीकृत भए अनुसार गरिएको शेयर पूँजीको समायोजनलाई अनुमोदन गर्ने ,

(२) यस कम्पनीको नियमावलीको नियम ३१ (१) मा संशोधन गर्ने ,

(३) कम्पनी ऐन २०६३ को दफा १०५ (१) (ख) अनुरुप कम्पनीको चुक्ता पूँजी र फ्री रिजर्भ भन्दा बढी हुने गरि बैंक सँग कर्जा लिन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने तथा यस अनुरुप भए गरेका कार्यहरुको अनुमोदन गर्ने बारे,

(४) अघिल्लो वार्षिक साधारण सभा पश्चात अर्थात् आ. व. २०८१/०८२ मा शेयरको रुपमा विभिन्न कम्पनीमा गरिएको लगानीलाई अनुमोदन गर्ने सम्बन्धमा,

Previous Mandakini Hydropower Pvt. Ltd.

P.O. Box: 7327, Kathmandu, Nepal
Tel : 01-4561574
Email: mandakini.hydropower@gmail.com

(५) यस कम्पनीले सर्वेक्षण अनुमति पत्र लिएको तापखोला ज.वि.आ. (८.७२४ मे.वा.) लाई अगाडी बढाउन आवश्यक पर्ने सहायक कम्पनी (Subsidiary Company) दर्ता गरि परियोजना विकास तथा निर्माण सम्बन्धी कार्य अगाडी बढाउने, कम्पनीको हित अभिवृद्धी हुने गरि अन्य उपयुक्त कम्पनीहरु को शेयरमा लगानी गर्ने लगायतका कार्य गर्न कम्पनीको संचालक समितिलाई अख्तियारी प्रदान गर्ने,

(६) उपरोक्त प्रस्तावहरु कार्यान्वयन गर्ने क्रममा नियामक निकायवाट कुनै फेरवदल, थपघट वा संशोधन गर्न निर्देशन प्राप्त भएमा सोही बमोजिम फेरवदल थपघट वा संशोधन गर्न संचालक समितिलाई आवश्यक अख्तियारी प्रदान गर्ने ।

**ग) विविध ।**

भवदीय

.........................

शरद कुमार दाहाल
अध्यक्ष

Mandakini Hydro Power Ltd. Kathmandu, Nepal

बोधार्थ

१. श्री नेपाल धितोपत्र बोर्ड , खुमलटार, काठमाण्डौ ।
२. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौ ।
३. श्री विद्युत नियमन आयोग, सानो गौचरन, काठमाण्डौ ।
४. श्री विद्युत विकास विभाग, सानो गौचरन, काठमाण्डौ ।
५. श्री ग्लोबल आईएमई क्यापिटल लि. नक्साल, काठमाण्डौ ।